नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

# (PLGSP)

## कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ७७८/७९

च.नं.: ४८

सिंहदरबार, काठमाडौं

मितिः २०७८/०४/२७

श्री स्थानिय तह (सबै),

विषय: सूचना प्रविधि अधिकृतको करार र पारिश्रमिक सम्बन्धमा

स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरुको करार तथा पारिश्रमिकसम्बन्धमा यस कार्यक्रमको च. नं. २९९ मिति २०७८।०२।२६ को पत्र प्राप्त गर्नु भएकै छ । तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको पारिश्रमिक तथा पोशाक भत्ता बापतको रकम सोधभर्ना सम्बन्धमा देहायअनुसार हुने भएकोले नियमानुसार सूचना प्रविधि अधिकृतको सेवा करार गर्नुहुन र विवरण उपलब्ध गराउनु हुन आदेशानुसार अनुरोध छ ।

१. स्थानीय तहले मासिक पारिश्रमिक तथा अन्य सुविधा तोकी सूचना प्रविधि अधिकृतसँग कानुनबमोजिम सेवा करार संझौता गर्ने र सोको प्रति यस कार्यक्रममा यथाशीघ्र पठाउने । यसरी करार संझौता गर्दा अन्य कार्यको अतिरिक्त संलग्न बमोजिमको कार्यजिम्मेवारी समेत तोक्ने ।

२. करार संझौतामा तोकिएको पारिश्रमिक तथा पोशाक भत्ता मध्ये यस कार्यक्रमबाट बढीमा वार्षिक जम्मा रु.३,६१,०००।०० सम्बन्धित स्थानीय तहलाई सोधभर्ना पठाईने छ । सोधभर्ना रकम प्राप्त गर्न स्थानीय तहले संलग्न विवरणमा उल्लेख गरिएका कागजात र विवरण उपलब्ध गराउनु पर्नेछ।

३. स्थानीय तहले उपलब्ध गराएको विवरणका आधारमा यस कार्यक्रमबाट २०७८ माघ र २०७९ असार महिनामा सोधभर्ना बापतको रकम सम्बन्धित स्थानीय तहको विविध खर्च खातामा पठाईने छ ।

४. यस विषयमा स्थानीय तहले उपलब्ध गराउनु पर्ने विवरण www.plgsp.gov.np/ito7879 मा गई upload गर्नु पर्ने छ ।

(हरि प्रसाद गुरागाई)
प्रशासकिय अधिकृत

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
(PLGSP)
कार्यक्रम समन्वय इकाई

पत्र संख्या: ०७७/७८
च.नं.: २९९

सिंहदरबार, काठमाडौं
मिति: २०७८।२।२६

श्री स्थानीय तह (सबै)

विषयः सूचना प्रविधि अधिकृतको पारिश्रमिक सम्बन्धमा ।

स्थानीय तहहरुमा सूचना प्रविधिको प्रयोग बढाई सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न सघाउ पुऱ्याउने उद्देश्यले स्थानीय तहहरुमा नियुक्त सूचना प्रविधि अधिकृतहरुको आधारभुत पारिश्रमिकको ७५% रकम विगत वर्ष देखि नै यस कार्यक्रमबाट सोधभर्ना पठाईएको व्यहोरा विदितै छ । आगामि आर्थिक वर्ष २०७८।०७९ को लागि समेत स्थानीय तहमा नियुक्त सूचना प्रविधि अधिकृतको आधारभुत पारिश्रमिक तथा पोशाक भत्ता मध्ये वार्षिक अधिकतम रु. ३ लाख ६१ हजार निजसँग भएको करार संझौता, हाजिरी विवरण तथा कार्यसम्पादनका आधारमा यस कार्यक्रमबाट सोधभर्ना पठाईने व्यहोरा अनुरोध छ ।

(हरिप्रसाद गुरागाई)
प्रशासकीय अधिकृत

फोन: ४२५७३८५, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं : ९७७-०१-४२५६२४८, वेब साईट: www.plgsp.gov.np
इमेल: mail@plgsp.gov.np

<u>सूचना प्रविधि अधिकृतको पारिश्रमिक सोधभर्ना माग गर्न स्थानीय तहले उपलब्ध गराउनु पर्ने कागजात र विवरण</u>

<table>
<tr><th>समय</th><th>उपलब्ध गराउनु पर्ने विवरण</th></tr>
<tr><td>२०७८ भाद्र १५ भित्र वा सेवा करार संझौता भएको १५ दिन भित्र</td><td><ul><li>सूचना प्रविधि अधिकृतको व्यक्तिगत विवरण</li><li>अन्य कुराको अतिरिक्त आधारभूत पारिश्रमिक र सेवा सुविधा, निजले सम्पादन गर्ने प्रमुख कार्यहरु, र करार अबधि स्पष्ट उल्लेख गरिएको संझौता पत्र</li></ul></td></tr>
<tr><td>२०७८ पौष मसान्त भित्र</td><td rowspan="2"><ul><li>सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणअनुसार कार्य सम्पादन सन्तोषजनक रहेको प्रमाणित प्रतिवेदन</li><li>सूचना प्रविधि अधिकृतको प्रमाणित हाजिरी</li><li>सो अवधिसम्म स्थानीय तहबाट सूचना प्रविधि अधिकृतलाई भुक्तानी भएको पारिश्रमिक सम्बन्धी विवरण</li><li>सम्बन्धित स्थानीय तहको विविध खर्च खाताको विवरण सहित सोधभर्ना माग गरेको पत्र</li></ul></td></tr>
<tr><td>२०७९ जेष्ठ मसान्त भित्र</td></tr>
</table>

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

**सूचना प्रविधि अधिकृतले गर्ने प्रमुख कार्यको विवरणहरू (नमुना)**

*(सम्बन्धित स्थानीय तहले स्थानीय आवश्यकताअनुसार परिमार्जन गर्न सक्ने)*

- कार्यालयमा स्थापित सूचना प्रविधिका पूर्वाधार, उपकरणहरूको व्यवस्थापन र नियमित राख्न प्राविधिक सहयोग प्रदान गर्ने ।
- स्थानीय तहको website, software, system को नियमित सञ्चालन र अध्यावधिक गर्ने र सहि अभिलेख तथा प्रतिवेदन तयार पार्न आवश्यक सहयोग पुर्याउने ।
- स्थानीय तहको कम्प्युटर प्रणाली सम्बन्धी दैनिक क्रियाकलापहरु सुचारु रुपमा सञ्चालन भएको सुनिश्चित गर्न सहयोग गर्ने ।
- संघीय तथा प्रादेशिक सरकारले माग गरेका सूचना, तथ्याङ्क तथा विवरण स्थानीय तहको सम्बन्धित शाखा / पदाधिकारीसँगको समन्वयमा अध्यावधिक विवरण समयमा उपलब्ध गराउने ।
- सूचना तथा संचार प्रविधिसँग सम्बन्धित राष्ट्रिय नीतिहरुको अध्ययन, नविन सोच र अनुप्रयोगहरूको खोज गर्ने र स्थानीय आवश्यकता अनुसार स्थानीकरण गर्न सहयोग गर्ने ।
- श्रोत नक्शाङ्कनलाई डिजिटाईजेशन गर्ने र डिजिटल प्रोफाइल बनाउन तथा अद्यावधिक गर्नमा सहयोग गर्ने ।
- स्थानीय तहमा सूचना प्रविधि क्षेत्रमा आवश्यक रहेका गतिविधिहरू सहित वार्षिक ICT योजना तयार गर्न सहयोग गर्ने ।
- विधुतीय शासन स्थापनाका लागि आवश्यक उपकरण र उपायहरुको अध्ययन गरि पालिका र वडा स्तरमामा स्थापना गर्न सहयोग गर्दै ग्रामीण समुदायमा समेत सूचना प्रविधिको पहुँच / कनेक्टिविटी स्थापना गर्न सहयोग गर्ने ।
- स्थानीय तहका सबै कर्मचारीहरुलाई विधुतीय शासन, सूचना तथा संचार प्रविधि सम्बन्धी तालिम र अभिमुखिकरण कार्यक्रम संचालन गर्न सहजिकरण गर्ने ।
- स्थानीय तहमा सूचना प्रविधिसंग सम्बन्धित कर्मचारीलाई ICT सम्बन्धी ज्ञान तथा नियमित सीप हस्तान्तरण गर्ने ।
- स्थानीय तहको कार्यालय तथा अन्य विषयगत निकायहरुका कार्यक्रम/ परियोजना, सेवा प्रदायक, गैह्र सरकारी संस्था, समुदायमा आधारित संघ-संस्थाहरुका अधारभुत विवरण, बजेट विवरण, सूचना आदि विवरण व्यवस्थित रुपमा राख्न र संप्रेषणमा सहयोग गर्ने ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाडौं

- कार्यालयका कर्मचारी, सेवाग्राहीका सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक समस्याहरू समाधान गर्न मद्दत गर्ने ।
- स्थानीय तहका बजेट, योजना, राजस्व, अनुगमन, खरिद लागायतका क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी कार्यसम्पादनमा सहजिकरण गर्ने,
- कानूनबमोजिम सार्वजनिक गर्नु पर्ने (open data) आवश्यक विवरण संकलन र अध्यावधिक गरी स्थानीय तहको Website लगायत उपयुक्त माध्यमबाट सार्वजनिक रुपमा संप्रेषण गर्ने ।
- स्थानीय तह को ICT status/system को नियमित अडिट गर्ने र सुरक्षा (security) को उचित प्रबन्ध मिलाउने।
- सूचना केन्द्रहरुको स्थापना र संचालनमा सहयोग गर्ने ।
- स्थानीय तहमा भएका असल अभ्यास तथा सूचनालाई नियमित र व्यवस्थित तवरले प्रकाशित गर्ने ।
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्यहरु गर्ने ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ